झिमरुक गाउँपालिका

# झिमरुक गाउँपालिकाको कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७७

**प्रमाणीकरण मिति-** २०७७/०९/२८

## झिमरुक गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान

# झिमरुक गाउँपालिकाको कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः** झिमरुक गाउँपालिकाभित्र रहेका वा दर्ता भएका कृषक समूह सहकारी तथा निजी कृषि फर्म संचालक कृषकहरुलाई मौसम एवम बेमौसमी कृषि व्यवसाय संचालन गर्न र कृषकहरुको सीप र क्षमता विकासको लागि आवश्यक तालिम संचालन र आधुनिक प्रविधिको प्रयोग गर्दै कृषि क्षेत्रमा आधुनिकीकरण र व्यावसायीकरण गर्दै उत्पादित कृषि उपजको बजारीकरण र प्रर्वद्धन गर्ने उद्धेश्यले झिमरुक गाउँपालिकाले आफ्नै स्वामित्वमा आएको जग्गा वा जग्गा करारमा लिई गाउँपालिका स्तरीय कृषि तालिम तथा नमूना प्रर्दशनी केन्द्र निर्माण गरी संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा-२ को अधिकार प्रयोग गरी यो कार्यविधि तर्जुमा गरी लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**- १. यस कार्यविधिको नाम" **झिमरुक गाउँपालिकाको कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र निर्माण तथा सञ्चालन कार्यविधि, २०७७**" रहेको छ ।

   २. यो कार्यविधि कार्यपालिकाबाट पारित भई प्रमाणिकरण भएको मितिदेखि लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

   १. "**अध्यक्ष**" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।
   २. "**सभा**" भन्नाले झिमरुक गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्नेछ
   ३. "**गाउँपालिका**" भन्नाले झिमरुक गाउँपालिकालाई सम्झनु पर्नेछ ।
   ४. "**कार्यपालिका**" भन्नाले झिमरुक गाउँ कार्यपालिका सम्झनु पर्नेछ ।
   ५. "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले झिमरुक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ ।
   ६. "**वडा**" भन्नाले झिमरुक गाउँपालिकाको वडा सम्झनु पर्नेछ ।
   ७. "**कृषि फर्म**" भन्नाले व्यवसायिक तथा तालिम प्रयोजनको लागि अनुसूची -१ बमोजिमका बाली उत्पादनका लागि झिमरुक गाउँपालिकाले आफ्नै स्वामित्वमा रहेको वा प्रचलित कानून बमोजिम जग्गा करारमा लिई संचालन गरेको तालिम तथा नमूना प्रदर्शनी केन्द्रलाई सम्झनु पर्नेछ ।

८. **"एजेन्ट"** भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरुको कारोवार गर्ने दर्तावाला व्यक्तिलाई सम्झनु पर्नेछ । सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँनेछ ।

९. **"प्रशिक्षार्थी"** भन्नाले झिमरुक गाउँपलिकामा दर्ता भएका आफ्नै जग्गामा व्यावसायी खेती गर्ने कृषक, कृषक समूह वा कसैको जग्गा करारमा लिई कृषि फर्म तथा कृषि सहकारीमा आवद्ध कृषकहरुलाई सम्झनु पर्नेछ ।

१०. **"कृषि"** भन्नाले अनुसूची १ मा उल्लेख भए बमोजिमका विषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ।सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउनेछ ।

११. **"कृषि बजार"** भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृर्षि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्नेछ ।

१२. **"कृषि वस्तु"** भन्नाले कृषि फर्मवाट उत्पादन भएको कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्नेछ ।

१३. **"कृषि व्यवसाय"** भन्नाले देहायको व्यवसाय सम्झनु पर्नेछ ।

  १. व्यावसायिक उदेश्यले गरिने कृषि बाली वा वस्तुको उत्पादन
  २. कृषिजन्य वस्तुको प्रशोधन
  ३. कृषि उपजको व्यापार
  ४.कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,
  ५.कृषि उत्पादनको लागि प्रयोग हुने वीउ, वेर्ना, र विरुवा प्रसारण प्रविधि मार्फत उत्पादित विरुवा, कृषि परामर्श सेवा, भण्डारण तथा वितरण,
  ६. कृषिमा प्रयोग हुने विषादीको उत्पादन, भण्डारण तथा बिक्री वितरण,

१४. **"खुद्रा बजार"** भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्नेछ ।

१५. **"बिक्रेता"** भन्नाले कृषि वस्तुहरु बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्नेछ ।

१६. **"समिति"** भन्नाले यस ऐनको दफा ४ बमोजिम गठन भएको कृषि तालिम तथा नमूना प्रर्दशनी केन्द्र सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्नेछ।

१७. **"संकलन केन्द्र"** भन्नाले कृषकहरुले उत्पादन गरेको कृषि उपजलाई संकलन गरी दोस्रो बजारमा विक्री वितरण गर्ने उदेश्यले स्थापना गरिएको कृषि उपज संकलन केन्द्रलाई सम्झनु पर्नेछ ।

१८. **"हाट-बजार"** भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उदेश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्नेछ ।

**३. कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्रको स्थापना तथा संचालन सम्बन्धी व्यवस्थाः-**

१. गाउँपालिकाले आफ्नै स्वामित्वमा रहेको जग्गामा वा प्रचलित कानून बमोजिम जग्गा करारमा लिई कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र स्थापना गर्न सक्ने छ ।

२. नमूना प्रदर्शनी केन्द्रका लागि आवश्यक सामाग्रीहरु खरिद गर्दा प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ।

३. व्यावसायिक खेती गर्ने कृषक, कृषक समूह र कृषि फर्म तथा कृषि सहकारीमा आवद्ध कृषकहरुको क्षमता अभिवृद्धि गर्ने खालका विभिन्न किसिमका अभिमुखीकरण कार्यक्रम, तालिम तथा गतिविधिहरू संचालन गरिनेछ ।

४. कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्रको उचित हेरचाह र व्यवस्थापनको लागि प्रचलित कानून बमोजिम जनशक्ति ज्यालादारीका वा करारमा पनि लिन सकिनेछ।

**४. कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाः-**

१. यस कार्यविधिको दफा ३ बमोजिम स्थापना भएका कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र निर्माण,सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र व्यवस्थापन समिति गठन गरिने छ ।

क. गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. आर्थिक विकास समितिको संयोजक - सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य

ङ. कृषि एकाइ प्रमुख - सदस्य सचिव

२. समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई आवश्यकता अनुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३. समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

५. **समितिको काम, कर्तव्य र अधिकारः-** यस कार्यविधिमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. कृषि फर्मलाई संचालन गर्न आवश्यक पर्ने नीति योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

२. उत्पादित मौषमी तथा वेमौषमी तरकारीमा समय सापक्षे मूल्य निर्धारण गर्ने ,

३. यस कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्र संचनालका लागि वजेटको व्यवस्थापन गर्न संघीय तथा प्रादेशिक निकाय र कार्यपालिका सँग समन्वय र सहकार्य गर्ने

४. आवश्यकता अनुसारका अभिमुखीकरण कार्यक्रम तथा तालिम सञ्चालन गर्न सहजीकरण गर्ने

५. कृषि उपज संकलन र भण्डारण कार्यमा आवश्यक सहयोग र समन्वय गर्ने

६. अनुगमन तथा मूल्याङ्कन गर्ने

६. **आर्थिक स्रोत व्यवस्थापन सम्बन्धी व्यवस्थाः-** (१) कृषि फर्म स्थापना र संचालनका लागि आवश्यक स्रोतको व्यवस्था गाउँपालिकाले गर्नेछ ।

(२) फर्म संचालनको लागि देहाय बमोजिमको क्षेत्रबाट प्राप्त रकम परिचालन गरिनेछः-

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकमवाट प्राप्त रकम

(३) कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द्रबाट उत्पादित उपज नगद रसिद प्रयोग गरी विक्री वितरण गरिनेछ साथै प्राप्त आम्दानी गाउँपालिकाको मूल संचित कोषमा जम्मा गरिनेछ।

७. **जग्गा व्यवस्थापन सम्बन्धी व्यवस्थाः-** यस कार्यविधि बमोजिम कृषि तालिम तथा नमूना प्रदर्शनी केन्द संचालन गर्न गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको वा करार सम्झौता

बमोजिम प्राप्त गरेको जग्गा प्रयोग गर्नेछ ।जग्गा नपुगेमा थप जग्गा भाडामा लिई प्रचिलत कानून बमोजिम करार सम्झौता गरिनेछ ।जग्गाको भाडा गाउँपालिकाले उपलब्ध गराउनेछ ।

८. **संशोधनः** यो कार्यविधिमा कुनै संशोधन गर्नु पर्ने देखिएमा गाउँ कार्यपालिकाबाट गर्न सकिनेछ।

## अनुसूची-१

## दफा २ को खण्ड ५ सँग सम्बन्धित

१. खाद्यान्न बाली

२. वागवानी जन्य फलफूल, तरकारी, मसलाबाली, पुष्प

३. माछा

४. च्याउ

५. कृषि पर्यटन

६. कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषि वस्तुहरु

७. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य वस्तुहरु।

झिमरुक गाउँपालिकाको बैठकवाट मिति २०७७/०९/२२ गते पारित यो कार्यविधि झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ३ को उपनियम ४ बमोजिम प्रमाणीत गर्दछु ।

कमल प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

मिति २०७७/०९/२८